# "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी
# कार्यविधि २०८०

## सम्सी गाउँपालिका
### सम्सी, महोत्तरी

कार्यपालिका बाट पारित भई प्रमाणिकरण भएको मिति

## सम्सी गाउँपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०८०

**प्रस्तावनाः**

स्थानीय स्तरको विकास निर्माणमा निजिक्षेत्रको ज्ञान र विषेशज्ञतालाई उपयोग गर्न तथा सार्वजनिक खरीदको मूलभूत विशेषताहरुलाई अक्षुण राखी सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शिता, स्वच्छता, ईमान्दारीता, जवाफदेहीता, विश्वसनियता तथा भेदभाव रहित प्रतिस्पर्धा तथा श्रोत साधनको उच्चतम उपयोग जस्ता उद्देश्यहरु हासिल गर्न सार्वजनिक निर्माणमा आवश्यक गुणस्तर कायम गरी निर्माण व्यवसायिको विकास गरी निजिक्षेत्रको सहज पहुँचको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को छ (१०) ले दिएको अधिकार प्रयोग गरी सम्सी गाउँपालिकाले यो कार्यविधि जारी गरेको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः-** यस कार्यविधिको नाम "घ" बर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधी २०८० रहेको छ ।

**२. परिभाषाः- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा**

(क) "सार्वजनिक निर्माण कार्य" भन्नाले प्रचलित कानून बमोजिम यस सम्सी गाउँपालिकाबाट सम्पन्न गरिने जुनसुकै प्रकारका निर्माण सम्वन्धी कार्य सम्झनु पर्दछ र सो शब्दले पुनःनिर्माण मर्मत सम्भारको कार्य समेतलाई जनाउदछ ।

(ख) "निर्माण व्यवसायी" भन्नाले निर्माण व्यवसाय सञ्चालन गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम दर्ता भएको फर्म वा कम्पनि सम्झनु पर्दछ ।

(ग) "इजाजत पत्र" भन्नाले सार्वजनिक निर्माण कार्य गर्नका लागि दफा ४ बमोजिम दिइने इजाजत पत्र सम्झनु पर्दछ ।

(घ) "प्राविधिक" भन्नाले सार्वजनिक निर्माण कार्यमा रेखदेख र सुपरिवेक्षण गर्न नेपाल सरकार तथा सम्बन्धित संगठित संस्थाको तर्फबाट खटिएको प्राविधिक कर्मचारी सम्झनु पर्दछ ।

(ङ) "गुणस्तर" भन्नाले सार्वजनिक निर्माण कार्य गर्न गराउनका लागि आव्हान भएको प्रस्तावअनुसार प्रस्तावक र स्वीकृतिकर्ताको विच भएको सम्झौता पत्र वा त्यस्तो सम्झौता पत्रको अभिन्न अंगको रुपमा रहेको कागजात, ड्रइङ डिजाईन तथा स्पेसीफिकेशनमा उल्लेख भएबमोजिमको गुणस्तर सम्झनु पर्दछ ।

## परिच्छेद २

## इजाजतपत्र सम्बन्धी व्यवस्था

**(३) इजाजतपत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुने :-**

प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको बाहेक यस कार्यविधि बमोजिम इजाजतपत्र प्राप्त नगरी "घ" वर्गको निर्माण व्यवसायीको नामबाट कसैले पनि सार्वजनिक निर्माण कार्य गर्न गराउन हुँदैन । तर प्रचलित कानून बमोजिम उपभोक्ता समिति मार्फत वा जनसहभागितामा सञ्चालन गराइने सार्वजनिक निर्माण कार्य गर्न यस दफाले कुनै बाधा पुयाएको मानिने छैन

**(४) नयाँ इजाजतपत्र सम्बन्धी व्यवस्था :-**

(१) सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले अनुसूची १ बमोजिमको ढाँचामा सार्वजनिक निर्माण कार्य गर्न इजाजतपत्रको लागि यस सम्सी गाउँपालिकाको कार्यालयमा प्रमुख प्रशासकीय अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पर्न आएका दरखास्तहरु प्रमुख प्रशासकीय अधिकृतले अनुसूची-५ बमोजिमको योग्यता भए/नभएको सम्बन्धमा देहाय बमोजिमको समितिवाट जाँचबुझ गराउनु पर्नेछ ।

क) संयोजकः प्रमुख प्रशासकीय अधिकृत

ख) सदस्य : गाउँपालिका अध्यक्षले तोकेको कार्यपालिका सदस्य

ग) सदस्य : ईन्जिनियर

घ) सदस्यः प्रशासकीय अधिकृत

ङ) सदस्य सचिव सब-ईन्जिनियर

(३) दफा (४) को उपदफा (२) अनुसारको समितिले गरेको सिफारिस सहित प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र प्रदान गर्ने निर्णयकालागि कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने छ ।

(४) उपदफा (२) बमोजिम समितिको सिफारिस सहित न्युनतम योग्यता पुगेका निर्माण व्यवसायी फर्म / कम्पनीहरुको इजाजतपत्र कार्यपालिकाको निर्णय वमोजिम सम्सी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र बापत अनुसूची २ बमोजिमको दस्तुर लिई निजलाई अनुसूची ३ बमोजिमको ढाँचामा इजाजतपत्र प्रदान गर्नेछ ।

## परिच्छेद-३
## निर्माण व्यवसायी विकास समिति गठन

**(५) निर्माण व्यवसायी विकास समिति :-**

(१) निर्माण व्यवसायीलाई सुदृढ र सुव्यवस्थित रुपमा संचालन गर्न आवश्यक नीति तयार गरी सम्बन्धित निकायलाई निर्देशन, सरसहयोग गर्न देहाय बमोजिमको निर्माण व्यवसाय विकास समिति रहनेछ :

(क) गाउँपालिका अध्यक्ष- अध्यक्ष

(ख) उपाध्यक्ष- सदस्य

ग) प्रमुख प्रशासकिय अधिकृत- सदस्य

घ) सम्बन्धीत वडाका वडा अध्यक्ष - सदस्य

ङ) संयोजक पुर्वाधार विकास समितिः सदस्य

च) पुर्वाधार विकास शाखा प्रमुख- सदस्य सचिव

**(६) समितिको काम कर्तव्य र अधिकारः-** समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) सार्वजनिक निर्माण कार्यमा गुणस्तर कायम राख्ने सम्वन्धमा आवश्यक नीति तयार गर्ने

(ख) सार्वजनिक निर्माण कार्यसँग सम्बन्धित बातावरणिय पक्ष लगायतका विषयमा आवश्यक जाँचबुझ नीति निर्माणको विकास गर्ने ।

(ग) निर्माण व्यवसाय सुदृढ र सक्षम तरिकाबाट सञ्चालन गर्न आवश्यक जनशक्ति उत्पादनको लागि प्रशिक्षण तथा तालिम सञ्चालन गर्ने ।

(घ) निर्माण व्यवसाय संग सम्वन्धित विषयमा आवश्यक अनुसन्धान तथा विकास गर्ने ।

(ङ) यस कार्यविधिको उद्देश्य कार्यन्वयन गर्न आवश्यक अन्य कार्यहरु गर्ने ।

# परिच्छेद ४
## निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी

**(७) इजाजतपत्रको अवधि र नवीकरण :-**

(१) दफा ४ बमोजिम प्रदान गरिएको इजाजतपत्र दफा १० बमोजिम खारेज भएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा बाहेक चालु आर्थिक वर्षको अन्त्यसम्म मात्र मान्य रहनेछ ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्रको अवधि समाप्त भएका प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधि समाप्त भएको ३ महिना भित्र प्रचलित कानून बमोजिम संघ, प्रदेश र स्थानीय तहलाई तिर्नुपर्ने कर तिरी सकेको प्रमाण स्वरुप सम्बन्धित संघीय / प्रदेश / स्थानीय कर कार्यालयबाट प्राप्त करचुक्ता प्रमाणपत्र तथा फर्म वा कम्पनीको दर्ता नविकरण सहित सम्बन्धित सम्सी गाउँपालिकावाट अनुसूची- २ वमोजिमको दस्तुर तिरी नविकरण गराउनु पर्नेछ । इजाजत पत्र नविकरण गर्न कागजात पेश गर्दा अनुसूची ४ बमोजिमको पास बुक भरी अघिल्लो आर्थिक वर्षको सो फर्म वा कम्पनीले आफुले गरेको कार्यहरुको अद्यावधिक विवरण समेत पेश गर्नु पर्ने छ । यसरी अनुसूची ४ बमोजिमको पास बुक विवरण अद्यावधिक नगर्ने फर्म वा कम्पनीको इजाजत पत्र नविकरण गर्न सम्सी गाउँपालिका वाध्य हुनेछैन ।

(३) उपदफा (२) बमोजिमको म्याद नाघेको छ महिनाभित्र सबै प्रकृया पुरा गरी इजाजतपत्र नवीकरण गराउन चाहने निर्माण व्यवसायीले नविकरण गर्ने माग गरेमा अनुसूची २ बमोजिमको थप दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र नवीकरण गरीदिनेछ ।

(४) माथि उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि जुन आ.व. का लागि तोकिएको समयमा नविकरण हुन नसकि जरिवाना तिरी नविकरण गर्ने म्याद उक्त वर्षको चैत्र मसान्त भित्र नविकरणका लागि दरखास्त दिइसकेका ईजाजत पत्र वाला कम्पनीको ईजाजतपत्र एक पटकका लागि नविकरण गर्न सकिने छ ।

**(८) निर्माण व्यवसायीको दायित्व :-** (१) ठेक्का सम्झौतामा उल्लेखित सर्तहरुको अधिनमा रही सार्वजनिक निर्माण कार्य गर्नु निर्माण व्यवसायिको दायित्व हुनेछ । (२)

निर्माण व्यवसायीले सम्पन्न गरेको प्रत्येक सार्वजनिक निर्माण कार्यको विवरण गाउँपालिका वा तोकिए बमोजिमको समितिमा पेश गर्नु पर्नेछ ।

**(९) निर्माण व्यवसायीबाट गराउन सकिने सार्वजनिक निर्माण कार्य :-**

(१) सार्वजनिक निर्माण कार्य गराउदा अधिकतम दुई करोड रुपैया सम्मको रकमको "घ" वर्गको निर्माण व्यवसायीबाट सञ्चालन गराउन सकिन्छ (संघिय वा प्रादेशिका कानुनमा अन्यथा व्यवस्था भएको भए सोहि बमोजिम हुनेछ।) अन्य रकमको हकमा निर्माण व्यवसायी ऐन २०५५ से व्यवस्था गरे बमोजिम हुनेछ ।

**स्पष्टिकरण :** यस दफाको प्रयोजनको लागि रकम भन्नाले इष्टिमेट अंक सम्झनु पर्दछ ।

**१०) इजाजतपत्रको खारेजी :-**

(१) देहायको अवस्थामा सम्सी गाउँपालिकाले निर्माण व्यवसायीको इजाजतपत्र खारेज गर्न सक्नेछ:

(क) झुट्टा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेको प्रमाणित भएमा,

(ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले नेपाल सरकार तथा संगठित संस्थामा झुठ्ठा विवरण पेश गरको सम्बन्धित निकायबाट लेखि आएमा,

(ग) सार्वजनिक निकायसंग भएको सम्झौता बमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भिर उल्लंघन भएको सम्बन्धित निकायबाट लेखि आएमा ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्र खारेज गर्नु अघि सम्बन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेश गर्न मनासिब माफिकको मौका दिइने छ ।

(३) दफा ७ को उपदफा (३) बमोजिमको म्यादभित्र नवीकरण नभएको इजाजतपत्र स्वत: खारेज हुनेछ ।

(४) उपदफा (१) वा (३) बमोजिम इजाजतपत्र खारेज भएकोमा सम्सी गाउँपालिकाले त्यसको जानकारी सम्बन्धित फर्म वा व्यक्ति वा कम्पनी दर्ता गर्ने कार्यालयलाई दिनेछ ।

**११) इजाजतपत्रको प्रतिलिपी दिने व्यवस्था :-**

कुनै निर्माण व्यवसायीले इजाजतपत्र हराए वा नासिएको कारणबाट इजाजतपत्रको प्रतिलिपी पाउन निवेदन गरेमा अनुसूची २ बमोजिमको दस्तुर लिई इजाजतपत्रको प्रतिलिपी दिनु पर्नेछ ।

**१२) प्रचलित कानून बमोजिम हुने :-**

यस कार्यविधिमा लेखिए जति यसै बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

**१३) निर्माण व्यवसायी विकास समिति कोषः-** सार्वजनिक निर्माण कार्यको गुणस्तर र निर्माण व्यावसायिको कार्यक्षमता वृद्धि गर्न निर्माण व्यवसायिलाई आवश्यक सेवा तथा सहयोग उपलब्ध गराउन एक निर्माण व्यवसायी कोष बनाउन सकिनेछ । जसमा संघ, प्रदेश तथा स्थानीय निकायबाट प्राप्त रकम, निर्माण व्यवसायिबाट तोकिएबमोजिम प्राप्त रकम तथा स्वदेशी वा विदेशी संघसंस्थाबाट प्राप्त रकम हुनेछ । कोषको संचालन तथा लेखापरीक्षण तोकिएबमोजिम हुनेछ ।

**१४) बचाउ :-**

यस अघि प्रचलित कानून बमोजिम दर्ता भएका ठेक्का बन्दोबस्ती सम्बन्धी फर्म तथा कम्पनीहरुलाई दिइएको इजाजतपत्रहरु यसै कार्यविधि बमोजिम दिइएको मानिनेछ ।

**१५) दस्तुर जरिवाना :-** अनुसुचिमा तोकिए बमोजिम हुनेछ ।

प्रमाणिकरण मितिः

आज्ञाले

गणेशचन्द्र मिश्र

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-१

कार्यविधि को दफा २ को उपदफा (१) संग सम्वन्धित

ईजाजतपत्रको लागि दिईने दरखास्त

विषयः इजाजत पाउ भन्ने बारे ।

दरखास्त बालाको फोटो

श्री...................... गा.पा.को कार्यलय

---

यस....................................कार्यलयको कार्यविधि ...........बमोजिम सार्वजनिक निर्माण कार्य गर्नको लागि ईजाजतपत्र पाउन निम्न विवरण भरी यो दरखास्त पेश गरिएको छ ।

१. दरखास्त पेश गर्ने फर्म वा कम्पनीको,

नामः

ठेगानाः

पोष्ट बक्सः फ्याक्स नं.: ईमेलः

टेलिफोन नं.

२. फर्म वा कम्पनीको प्रकृति

प्राइभेट लिमिटेड कम्पनी पब्लिक लिमिटेक कम्पनी

एकलौटी साझेदारी

(कोष्ठमा रेजा लगाउनु पर्नेछ ।)

३. सम्पर्कको लागि फर्म वा कम्पनीको आधिकारीक व्यक्तिः-

नाम थर,:-

ठेगानाः- पोष्ट बक्सः-

टेलिफोन नं.: फ्याक्स नं.:- ईमेलः-

४. फर्म वा कम्पनीको विवरणः-

दर्ता नं.:- दर्ता मितिः-

अधिकृत पूजीः- जारी पूजीः-

दर्ता गर्ने कार्यालयको नाम र ठेगानाः-

५. इजाजतपत्र लिन चाहेको वर्गः- (घ) वर्ग

६. समूहीकरण हुन चाहेको समूहः-

७. आर्थिक श्रोत विवरणः-

| | रकम | वित्तीय संस्था बैंकको नाम |
|---|---|---|
| स्थायी ओभरड्राफ्ट | | |
| मुद्दती खाता | | |
| चल्ती खाता | | |
| बचत खाता | | |

उल्लिखित विवरण बाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिनेछ ।

८. कामदारको विवरणः-

(क) प्राविधिकः-

(ख) अप्राविधिकः-

(ग) अन्यः-

प्राविधिक कर्मचारी को Certificate को प्रतिलिपि तथा निजको मंजुरीनामा पेश गर्नु पर्नेछ ।

९. आफ्नो स्वामित्वमा रहेको निर्माण सम्बन्धी सवारी साधन मेशिनरी औजारको विवरण:-

| सि.नं. | नाम तथा विवरण | दर्ता नं. | क्षमता संख्या | मूल्य | खरिद मिति | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

द्रष्टव्य: यस विवरणमा उल्लिखित सवारी साधन तथा मेशिनरी औजारहरुको स्वामित्वको कागजात (दर्ता प्रमाण पत्र) र उक्त मेशिनरी औजारहरु चालु हालतमा रहेको छ भनी मेकानिकल ईन्जिनियरद्धारा प्रमाणित भएको हुनु पर्नेछ।

१०. यस अघि सम्पन्न गरेको कामको विवरण:-

| सि.नं. | निर्माण सम्बन्धी कामको प्रकृति | काम गरेको साल | रकम | ठेक्कादाता कार्यालयका नाम | कामको अवस्था (प्रगति प्रतिशतमा) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

११ करचुक्ता गरेको प्रमाण कागजात:-

क.

ख.

ग.

यस दरखास्त फाराममा उल्लिखित सम्पूर्ण व्यहोरा ठीक साचो छ। झुट्टा ठहरे कानून बमोजिम सहुला बुझाउला।

निर्माण व्यवसायीको छाप

दरखास्तवालाको:-

दस्तखत:-

मिति:-

द्रष्टव्य:- यस दरखास्त फारम साथ दरखास्त फाराममा उल्लेख भएको व्यहोरा पुष्टि गन सम्बन्धित कागजातको प्रमाणित प्रतिलिपि संलग्न गर्नु पर्नेछ र कार्यालयले मार्ग गरेको बखत सक्कल कागजात पेश गर्नु पर्नेछ।

## अनुसूची-२

कार्यविधिको दफा २ को उपदफा (१) र दफा ३ को उपलफा (३) संग सम्बन्धित

| | |
|---|---|
| ईजाजत पत्र निवेदन दस्तुर | रु. ५००।- |
| ईजाजत पत्र दस्तुर | रु. १०,०००।- |
| ईजाजत पत्र नविकरण दस्तुर | रु. ५,०००।- |
| ईजाजत पत्र नवीकरण थप दस्तुर | रु. ३,०००।- |
| ईजाजत पत्र प्रतिलिपि दस्तुर | रु. २०००।- |
| घरेलुमा दर्ता भएको कम्पनीहरुलाई प्रा.लि. मा परिणत गर्न | रु. २,०००।- |
| ईजाजत पत्र खारेजि दस्तुर | रु. १०००।- |

द्रष्टव्य:- घ वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धी कार्यविधि २०८० बमोजिमको दफा ३ को उपदफा (२) बमोजिम म्यादभित्र ईजाजत पत्र नवीकरण गराउदा ईजाजत पत्र नवीकरण थप दस्तुरको महलमा उल्लेखित दस्तुर मात्र तिर्नुपर्नेछ ।

अनुसूची-३

कार्यविधि को दफा २ को उपदफा (१) र दफा ३ को उपदफा (३) संग सम्बन्धित

## इजाजतपत्र

ईजाजतपत्र नं. ………………

मितिः-……

……………………गाउँपालिका

………………………कार्यपालिकाको कार्यलय

………………………………………

घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०८० को दफा २ को उपदफा (४) बमोजिम निर्माण व्यवसाय गर्न……………स्थित कार्यालय भएको……………………फर्म वा कम्पनीलाई इजाजतपत्र प्रदान गरिएकोछ ।

ईजाजतपत्र दिनेकोः-

दस्तखतः-

नामः-

पदः-

मितिः-

कार्यालयः-

(यस वृत्तभित्र कुन वर्ग लेख्नु पर्ने हो सोही वर्ग लेख्ने

**नवीकरणः**

| नवीकरण गर्ने अधिकारी | नवीकरण गरेको मिति | नवीकरण बहाल रहने अवधि | नवीकरण दस्तुर भौचर नं. र मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

# अनुसूची-४

## निर्माण व्यवसायीबाट भएका सार्वजनिक निर्माण कार्यको अभिलेख विवरण (पासबुक)

| क.स. | आयोजनाको नाम | सार्वजनिक निकायको विवरण | संयुक्त उपक्रमको नाम (यदि भएमा) | शेयर (%) | ठेक्का विवरण | सार्वजनिक निकायको तर्फबाट हस्ताक्षर गर्ने पदाधिकारीको विवरण | समयावधि थप विवरण (यदि भएमा) | Variation को विवरण (यदि भएमा) | प्रगति विवरण | ठेक्का सम्पन्न विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | क) ठेक्का रकम | क) नामः | क) थप समयः | क) Variation पछिको Contract Amount | क) सम्पन्न रकम | क) अन्तिम ठेक्का रकमः | |
| | | | | | | | | | | | |
| | | | | | ख) सम्झौता मितिः | ख) पदः | क) नामः | क) Variation को निर्णय गर्ने पदाधिकारीको नाम | ख) सम्पन्न मिति | ख) सम्पन्न मिति | |
| | | | | | | | | | | | |
| | | | | | ग) ठेक्का अवधि | ग) हस्ताक्षर | ख) पदः | ख) पदः | ग) सम्पन्न % | | |
| | | | | | | | | | | | |
| | | | | | | घ) छाप | ग) हस्ताक्षर | ग) हस्ताक्षर | घ) नाम | घ) नाम | |
| | | | | | | | घ) निर्णय मितिः | घ) छापः | पदः | पदः | |
| | | | | | | | | | ......... | ......... | |
| | | | | | | | छाप | ....... | हस्ताक्षर | हस्ताक्षर | |
| | | | | | | | ... | | ...... | ......... | |
| | | | | | | | | | छाप | छाप | |
| | | | | | | | | | ...... | ...... | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

अनुसूची-५

## "घ" वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता

१. आर्थिक क्षमता प्राईभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा पाँच लाख रुपैयाँको चालु पूँजी देखाई उद्योग विभागमा दर्ता भएको हुनु पर्नेछ।

२. मुख्य जनशक्ति विवरण मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरीङ विषयमा कम्तिमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्राविधिक, कुनै पनि विषयमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्रशासनिक र वाणिज्य शास्त्र अर्थशास्त्रमा प्रमाणपत्र तह उत्तीर्ण एक जना जनशक्तिको सेवा पूरा समय प्राप्त हुने व्यवस्था हुनु पर्नेछ।

३. मेशीन् र उपकरण

(क) ट्रिपर /टपाक्टर (एक एक थान

(ख) मिक्सर (एक थान)

(ग) Theodolite /Level Machine (एक सेट)

(घ) वाटर पम्प (तीन थान)

(ङ) भाइब्रेटर (तीन थाना)

च) निर्माण व्यवसायी संघको सिफारिस पत्र

छ) प्रचलित कानुन बमोजिम सम्बन्धित निकायमा कर बुझाएको हुनुपर्नेछ।

*द्रष्टव्य:*

१) माथि ३ (क) मा उल्लेखित भएका उपकरणहरु भाडा / लिजमा लिएको भए सो को प्रमाण पेश गर्नु पर्नेछ।

२. नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्रका साथै बीमा गरेको कागजातहरु पेश गर्नु पर्नेछ।

३. माथि उल्लिखित यान्त्रिक उपकरणहरु ठीक अवस्थामा भएको कुरा मेकानिकल ईन्जिनियरिङ विषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल ईन्जिनियर्स एशोसिएशनको सदस्यता प्राप्त मेकानिकल ईन्जिनियरले प्रमाणित गरेको हुनु पर्नेछ।

४. माथि उल्लिखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटीमा दुई वर्षसम्म बेचबिखन गर्नपाइने छैन।

५. पन्ध्र वर्ष भन्दा बढी पुरानो यन्त्र उपकरणहरू निर्माण व्यवसायीको स्तर वृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनको लागि मान्य हुने छैन।